**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

**व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि (EVENT) परियोजना**

**बिजुलीबजार¸ काठमाडौ**

# सूची दर्ता गराउने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७२।०४।२१)

यस सचिवालयलाई आ.ब. २०७२/०७३ का लागि आवश्यक निम्नानुसारको सामात तथा सेवाहरु आपुर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति¸फर्म¸कम्पनी एवम् संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टा छुट्टै सूचि (Standing List) दर्ताका लागि यो सूचना प्रथम पटक प्रकाहित भएको मितलिले १५ (पन्ध्र) दिनभित्र यस सचिवालयको प्रोक्युरमेन्ट शाखामा दरखास्त दर्ता गराउनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**क) खरिद तथा आपूर्तितर्फः**

१. मसलन्द तथा कार्यालय सामान

२. मेशिनरी उपकरण - कम्प्युटर¸फोटोकपी¸युपियस¸प्रिन्टर तथा अन्य इलेक्ट्रोनिक्स सामान)

३. इलेक्ट्रिकल सामान

४. पिउने पानी

५. छपाईसम्बन्धी कार्य

६. फर्निचर तथा फर्निसिङ्ग

७. पत्रपत्रिका तथा पुस्तक्

८. इलेक्ट्रोनिक्स मेशिनरी उपकरणहरुका पार्टपुर्जा

९. सवारी साधनका पार्टपुर्जा

१०. श्रव्यदृश्य सामग्री निर्माण

**ख) मर्मततर्फः**

१. सवारीसाधन (मोटर गाडी) र मोटरसाइकल¸स्कुटर आदि)

२. कम्प्युटर¸फोटोकपी¸प्रिन्टर¸एसी¸फ्याक्स¸स्क्यानर¸युपियस लगायतका इलेक्ट्रोनिक्स सामानहरु

३. फर्निचर¸ फर्निसिङ्ग

**ग) सेवातर्फः**

१. कम्प्युटर¸अग्रेजी भाषा¸ड्राइभिङ्ग तथा अन्य तालिम¸गोष्ठी तथा सेमिनार सम्बन्धी सेवाहरु

२. सरसफाई सेवा

३ सूचना¸विज्ञापन प्रकाशन/प्रशारण

४ कुरियर सेवा¸ढुवानी सेवा

५.सुरक्षा सेवा

घ) परामर्श सेवाः

१. सफ्टवेयर निर्माण

२. सूचना प्रविधि सम्बन्धी बिभिन्न परामर्श सेवा

३. क्षेत्रगत विषय विज्ञहरुको परामर्श सेवा ( रोष्टर निर्माण)

**दरखास्त पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म दर्ताको प्रमाणपत्रको छाँयाप्रति ।

२. स्थायी लेखा नं. र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको छाँयाप्रति ( मू.अ.करमा दर्ता हुनु नपर्ने भए सो खुल्ने आधिकारिक कागजात) ।

३. आ.व. २०७०/०७१ को कर चुक्ता प्रमाण पत्र

४. आवधिक रुपमा नविकरण गर्नुपर्नेमा फर्मको हकमा नविकरण भएको प्रमाणपत्र खुल्ने कागजपत्र

५. उल्लेखित सेवा प्रदान गर्न प्रचलित कानुनको कुनै निकायको अनुमति लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति लिएको प्रमाणपत्र

६. आफूले निवेदन गरेको सेवा कार्यसँग सम्बन्धित बिगतमा ३ बर्षसम्म काम गरेको अनुभव खुल्ने कागजपत्र ।

७. क्षेत्रगत विषय वित्तहरुको परामर्श सेवा मा सूचिकृत हुन चाहेमा फर्म/व्यक्ति/संस्थाहरुको हकमा सम्बन्धित क्षेत्रको विज्ञता खुल्ने कागजपत्र ।

८. कुनै पेशागत कसुर गरी सजाय नपाएको तथा सम्बन्धित कार्य गर्न नपाउने गरी कालो सूचिमा नपरेको स्वघोषणा पत्र ।

माथि उल्लेखित सामान तथा सेवा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा फर्मले उल्लेखित प्रत्येक सेवाको लागि छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ । रीत नपुगी र म्याद नाघी प्राप्त भएको दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस सचिवालयमा सुरक्षित रहनेछ । उपरोक्त अनुसारको सूचि आ.व. को २०७२/०७३ सम्मका लागि मात्र मान्य रहनेछ ।

**व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्दी (EVENT) परियोजना**

**बुटवल पावर कम्पनी भवन,बुद्धनगर,काठमाडौं**